शिवराज नगरपालिका नगर कार्यपालिकाको आ.व.२०८३/०८४ को पहिलो बैठक आज मिति २०८३।०४।२७ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडाध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडाध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडाध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडाध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडाध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडाध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडाध्यक्ष |
| श्री रिजवान अहमद | वडाध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडाध्यक्ष |
| श्री मन्जु मिश्र | वडाध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडाध्यक्ष |
| श्री वुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री पिताम्बर पाण्डे | सदस्य-सचिव |
| श्री कन्धराम अहिर | वडा सदस्य (क.व. अध्यक्ष) वडा-११ |

मिति २०८३/०४/२७

निर्णयहरु:

निर्णय नं. १: आ.व. २०८२/०८३ को आय-व्यय विवरण सम्बन्धमा शिवराज नगरपालिकाको आ.व. २०८२/०८३ मा तपसिल अनुसार आय-व्यय विवरण सार्वजनिकरण गर्ने निर्णय गरियो ।

तपसिल:

शिवराज नगरपालिका आ.व. २०८२/०८३ को आय व्याय विवरण

| क्र.सं. | कार्यक्रम/अनुदानको नाम | आय तर्फ | व्यय तर्फ | मौज्दाज/फिर्ता |
|---|---|---|---|---|
| १ | सँघीय सरकार समानिकरण | १५,९३,०५,९०० | ११,४८,३१,७९६ | ४,४४,७४,१०४ |
| २ | सँघीय सरकार शर्सत अनुदान | ३५,९७,१९,८५० | ३४,७६,०१,८७४।२२ | १,२१,१७,९७५।७८ |
| ३ | सँघीय सरकार समपुरक अनुदान | १,६३,४५,८८० | १,६३,४५,८८० | ० |
| ४ | सँघीय सरकार विशेष अनुदान | ५१,९४,०६३ | ५१,९४,०६३ | ० |
| ५ | प्रदेश सरकार समानिकरण | १,१९,४०,००० | ४१,६८,९४० | ७७,७१,०६० |
| ६ | प्रदेश सशर्त | १,०४,४०,३३१ | ९८,९५,७५७ | ५,४४,५७४ |
| ७ | प्रदेश समपुरक | ९३,३६,७२५ | ८९,७४,८१७ | ३,६१,९०८ |
| ८ | प्रदेश विशेष | १७,००,००० | १३,०३,१९५ | ३,९६,८०५ |
| ९ | सँघीय सरकार राजश्व वाँडफाँड | १६,७६,५५,६०९।४५ | १०,३५,२१,०३६ | ६,४१,३४,५७३।४५ |
| १० | प्रदेश सरकार राजश्व वाँडफाँड | १,८५,७२,४३८।१५ | १,५६,३४,४०७ | २९,३८,०३१।१५ |
| ११ | स्थानीय राजश्व वाँडफाँड | ५,७७,१८,१२२।२६ | १,५३,५३,४४१ | ४,२३,६४,६८१।२६ |
| १२ | जि स स | ४१,७४,३४२ | ४१,४३,४९६ | ३०,८४६।०० |
| १३ | आन्तरिक स्रोत | २४,७९,०५,२५१।८९ | १६,३९,५०,६५९।८४ | ८३,९५४,५९२।०५ |
| १४ | सामाजिक सुरक्षा | २९,५०,७०,८६८।१५ | २९,५०,७०,८६८।१५ | ० |
| १५ | गरिव घर परिवार पहिचान | ७,०५,५०५ | ७,०५,५०५ | ० |
| १६ | राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम | ९४,८९,८८५ | ९४,८९,८८५ | ० |
| | जम्मा | १,३७,५२,७४,७७०।९ | १,११,६१,८५,६२०।२१ | २५,९०,८९,१५०।६९ |

निर्णय नं. २: नगर अस्पतालमा सदस्य मनोनयन सम्बन्धमा नगर अस्पतालको व्यवस्थापन तथा सञ्चालन समितिलाई पूर्णता दिनका लागि तपशिलका व्यक्तिहरूलाई समितिको सदस्य पदमा मनोनयन गर्ने र यसको सूचना सम्बन्धित निकाय तथा अस्पताल प्रशासनलाई दिने निर्णय गरियो।

कार्यपालिकाको तर्फबाट: प्रेम बहादुर सुनार

नगर/सभाको तर्फबाट: राम बहादुर चौधरी

स्वास्थ्य क्षेत्र महिला तर्फ: मिना परियार

साथै थप स्वास्थ्य क्षेत्रको सदस्य अस्पताल संचालन तथा व्यवस्थापन समितिको निर्णयानुसार मनोनयन गर्ने।

निर्णय नं. ३: मेयर्स फोरम (मंगोलिया) मा नगर प्रमुख सहभागी हुने सम्बन्धमाः राजधानी शहरको गभर्नर कार्यालयको तर्फबाट मिति २० देखि २२ अगस्ट २०२६ सम्म मंगोलियाको उलानबाटारमा आयोजना हुने मेयर्स फोरम (Mayors Forum) कार्यक्रममा नगरपालिकाको प्रतिनिधित्व गर्दै नगर प्रमुख श्री अजय थापाज्यूलाई उक्त कार्यक्रममा सहभागीका लागिं स्वीकृति प्रदान गरियो।

निर्णय नं. ४: जग्गा कित्ताकाट खुलाउने सम्बन्धमा भू-उपयोग योजना अनुसार नगरपालिकाका सवै वडाहरुको जग्गाको कित्ता काट गर्ने प्रयोजनका लागि अमिन रोशन नेपालीलाई जिम्मेवारी दिदै नापि कार्यालयका कर्मचारीहरुलाई समेत खटाउन आवश्यक देखिएकोले निजहरु खटिएको दिनको खाजा खाना र यातायात खर्च वापत प्रतिदिन प्रतिव्यक्ति एकमुष्ठ रु. ३५०।- भुक्तानि दिने निर्णय गरियो।

निर्णय नं. ५: विविध विषयहरू

- अलकत्रा **VG10 र VG30 को दररेट कायमः** शिवराज नगरपालिका अन्तर्गत सडक तथा पूर्वाधार निर्माण कार्यको दररेट विश्लेषण प्रयोजनार्थ जिल्ला दररेटको निर्देशानुसार आधिकारीक विक्रेताको दररेटलाई आधार मानी खरिद ईकाइवाट पेश भए बमोजिमको सवै भन्दा कम दररेट पेश गर्ने **Hansraj Hulaschand & Co. Pvt. Ltd (Golchha Group)** को दर VG10 भ्याट र ढुवानी बाहेक रु. १३८।- र VG30 भ्याट र ढुवानी बाहेक रु. १४०.५ लाई स्वीकृत गर्ने निर्णय गरियो।
- **इन्धन (डिजेल, पेट्रोल र मट्टीतेल) को दररेट कायमः** नगरपालिका तथा मातहतका सवारी साधन एवं उपकरणहरूका लागि आवश्यक पर्ने दररेट विश्लेषण प्रयोजनार्थ इन्धन (डिजेल, पेट्रोल र मट्टीतेल) खरिद ईकाइवाट पेश भएको दररेट आयल निगमको आधिकारिक मूल्य भलवारीको (डिजेल, पेट्रोल र मट्टीतेल भ्याट सहित रु.१९७.५) का आधारमा स्वीकृत गर्ने निर्णय गरियो।
- **विद्यालय भवनहरूको म्याद थप तथा स्रोत सुनिश्चितताः** देहायका निर्माणाधीन विद्यालय भवनहरूको बाँकी कार्यको स्रोत रु. ४० लाख आगामी नगरसभाबाट विनियोजन गर्ने र उक्त योजनाको पूर्व निर्धारित क्षतिपूर्ती अशुल गरि कार्य सम्पन्न गराउने निर्णय गरियो।
  - 32/SM/BDG/082/83 श्री राष्ट्रिय माध्यमिक विद्यालय शिवराज ५,
  - 33/SM/BDG/082/83 श्री बालज्योती माध्यमिक विद्यालय शिवराज ८
  - 56/SM/NCB/BDG/082/83 श्री समयथान माध्यमिक विद्यालय शिवराज ४

  साथै देहायका निर्माणाधीन योजनाहरुको पूर्व निर्धारित क्षतिपूर्ती अशुल गरि कार्य सम्पन्न गराउने निर्णय गरियो।
  - 58/SM/SQ/W8/082/83 अकरम शेषको घरदेखि स्वास्थ्यचौकीसम्म सडक स्तरोन्नती शिवराज ८,
  - 36/SM/SQ/BC/082/83 कल्भर्ट निर्माण तथा मर्मत शिवराज ३,६ र ८
  - 44/SM/NCB/W4/082/83 समयथान माध्यमिक विद्यालय अधुरो भवन निर्माण शिवराज ४
  - 63/SM/NCB/RBN/082/83 सडकबोर्ड नेपाल साझेदारी योजना शिवराज नगरपालिका
  - 17/SM/NCB/HML/082/83 हाइमास्ट लाइट जडान शिवराज नगरपालिका

निर्णय प्रमाणित

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

- नगर विकास कोषलाई चन्द्रौटा खानेपानीको भुक्तानी: चन्द्रौटा खानेपानी आयोजनाले नगर विकास कोषलाई भुक्तानी गर्नुपर्ने दायित्व रकम नियमानुसार भुक्तानी प्रक्रिया मिलाउन आवश्यक सहजीकरण तथा समन्वय गरिदिनु हुन भनि नगर विकास कोषबाट पत्राचार भइ आएको सम्बन्धमा उक्त चन्द्रौटा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले नगर विकास कोषलाई बुझाउन बाँकी रकम यथाशिघ्र भुक्तानीका लागि निर्देशन दिने निर्णय गरियो।
- जि.स.स. कपिलवस्तुको रकम सोधभर्ना: जिल्ला समन्वय समिति कपिलवस्तुबाट आ.व. २०८२/०८३ मा जिल्ला समन्वय तर्फ कुल रु. ७१,८१,३३४।- को योजना सम्झौता भएकोमा सो आर्थिक बर्षमा जम्मा रु. ४१,७४,३४२।- मात्र रकम प्राप्त भएकोले बाँकी रकम रु ३०,०७,९९१।- मात्र सोधभर्ना माग गर्ने निर्णय गरियो।
- सुधारिएको चुलो रकम सम्बन्धमा: वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट हस्तान्तरण हुने सुधारिएको चुलो कार्यक्रमको लागि स्थानीय तहले लागत साझेदारी गर्ने कुल रकम २२ लाख मध्ये चालु आ.व.मा वडाहरुलाई विनियोजित बजेटबाट रु ११ लाख र नगरपालिकाको म्याचिङ फण्डबाट रु ११ लाख गरी जम्मा २२ लाख बजेट आगामी नगरसभाबाट सुनिश्चित गर्ने निर्णय गरियो ।
- छुट सामाजिक सुरक्षा भत्ता सम्बन्धमा: आ.व. २०८२/०८३ मा बजेटको अभाव वा अन्य प्राविधिक कारणले सामाजिक सुरक्षा भत्ता भुक्तानी हुन छुट भएका तपसिलका लाभग्राहीहरुलाई आ.व. २०८३/०८४ मा भुक्तानी हुनको लागि आवश्यक प्रमाण सहित महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय पेश गर्ने निर्णय गरियो ।

  तपसिल:

  १. पुर्माला पुन (अन्य जेष्ठ नागरिक) रु. १२,०००।-

  २. उसमान मिया (अति अशक्त अपाङ्गता) रु. ६,३८४।-

  ३. गंगा केवट (विधवा) रु. ७,९८०।-

निर्णय प्रमाणित

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख